*“नगर संबृद्धिका आधार शिक्षा, स्वास्थ्य, कृषि ,पर्यटन र पुर्वाधार ”*

# लमही नगरपालिका, लमही,दाङ

प्रथम नगरसभा बाट पारित

# नीति तथा कार्यक्रम

मितिः २०७४।५।२७

**नगर सभाका सदस्य ज्यूहरु**

यस लमही नगरपालिकाको प्रथम नगर सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु । सर्वप्रथम लमही नगरपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवम् कृतज्ञता ब्यक्त गर्दछु ।

आज हामी यस ऐतिहासिक लमही नगरपालिकाको सुनौलो भविष्य सहितको लमही नगर सभाको बैठक सञ्चालन गर्न गईरहेका छु । यस गरिमामय बैठकमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । यस क्षणमा ऐतिहासिक कालखण्ड हुदै प्रजातन्त्र प्राप्ति, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नयाँ नेपाल निर्माणको क्रममा आफ्नो अमूल्य जीवनको आहुति दिने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**आदरणीय नगर सभाका सदस्य ज्यूहरु एवं उपस्थित महानुभावहरु,**

नेपाल सरकारको वि.सं. २०७३ साल फागुन २६ को निर्णयानुसार यस लमही नगरपालिका साविक सतवरीया गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरुले भरीपूर्ण यस नगरपालिकाको सहभागितामुलक भावी योजनाको निर्माणले मात्र भविष्यको सुनौलो मार्ग प्रशस्त गर्दछ । नगर क्षेत्रका विद्यमान साँस्कृतिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुको विकास, संरक्षण र संबर्द्धन तथा प्रवर्द्धन गरी समग्र विकासको लक्ष्य तय गर्दै कृषि , पर्यटन तथा औद्योगिक क्षेत्रको विकास मार्फत यस नगरपालिकालाई स्थापित गराउन सकेमा समग्र विकासले फड्को मार्न सक्ने सुनिश्चित छ । लोकतान्त्रिक मुल्य र मान्यता, विकेन्द्रीकरण र स्थानीय स्वायत्तता, सेवाप्रवाह तथा विकास निर्माणमा व्यापक जनसहभागिता, जवाफदेहिता, उत्तरदायित्व तथा पारदर्शिता जस्ता सुशासनका आयामहरुको अबलम्बन गर्दै यस नगरपालिकाको समग्र विकास प्रयासलाई निरन्तर अगाडी बढाउनका लागि राजनैतिक दल, सरकारी तथा गैरसरकारी निकाय र नीजि क्षेत्र, संचार कर्मी, समाजसेवी, बुद्धिजिवी एवम् सम्पूर्ण विकासप्रेमी महानुभाबहरुबाट आवश्यक सहयोग प्राप्त भईरहेको छ र भईरहनेछ भन्ने विश्वास लिएको छु ।

**आदरणीय नगर सभाका सदस्य ज्यूहरु एवं उपस्थित महानुभावहरु,**

नेपालको संविधान बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै प्रजातान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एवं विकेन्द्रीकरणको मर्म अनुरुप स्थानीय तहलाई सुदृढ र विकसित गर्नु पर्ने आवश्यकता रहेको छ । देशको मूल कानून नेपालको संविधान निर्माण पश्चात करिब २० वर्ष पछि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु बहाली भैसकेको भएता पनि विद्यमान तरल राजनीतिका कारण विविध प्रकारका संक्रमणको सामना गरीरहेको वर्तमान अवस्थामा जननिर्वाचित प्रतिनिधि मार्फत स्थानीय तहहरु सञ्चालन गर्नु गराउनु पर्दा सेवाग्राही र सेवा प्रदायक दुवैलाई सहज महशुस हुनुका साथै कार्य प्रभावकारिता तथा जनसहभागितामा बृद्धि हुने अपेक्षा गरिएको छ । यस्तो परिवेशमा जनस्तरमा स्थानीय सरकारको भूमिका निर्वाह गर्ने स्थानीय तह भएको हुदा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा पहिलो पटक स्थानीय तह र तिनको स्वरुप तथा काम, कर्तब्य र अधिकार समेत स्पष्ट गरिएकोले संघीयताको कार्यान्वयन पश्चात स्थानीय तह मार्फत नागरिकले पाउने सेवा सुविधा मा थप सरल, सहज सबैको पहुँचयोग्य र प्रभावकारी हुने अपेक्षा गरेको छ ।

विकेन्द्रिकरणको सिद्धान्तको कार्यान्वयनवाट लोकतान्त्रिक प्रक्रिया संस्थागत हुनुका साथै स्थानीय नेतृत्वको विकास हुने अपेक्षा गरेको छु । जातीय, भाषिक, धार्मीक, सांस्कृतिक तथा भौगोलिक विविधताहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन हुँदा स्थानीय आवश्यकता एवं समस्याहरुको स्थानीय स्तरबाटै पहिचान हुनुका साथै आफ्नो निर्णय आफै गर्न सक्ने वातावरण र क्षमताको विकास हुनेछ । लमही नगरको विकास र संबृद्धि का लागि नीती तथा कार्यक्रम तय गर्दा विगतमा भएका नीति, कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको अभ्यास, लाइ सकारात्मकरुमा लिदै हाल यस नगरमा जननिर्वाचित प्रतिनिधहरु बहाली भैसके पछि उनीहरु मार्फत उक्त कार्यहरु थप प्रभावकारी रुपमा संचालन गर्ने उदेश्यले आवश्यक कार्यविधि,ऐनहरुको निर्माण गरि सोका आधारमा नगरको योजना, नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमलाई प्रभावकारी बनाउन लमही नगर सभाका सदस्य ,नगरवासी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, संचारकर्मी एवं नगरबासीज्यूहरुको राय, सल्लाह, सुझाव र सहयोग जरुरी रहेको महशुस गरेको छु ।

**लमही नगरपालिकाका समस्या तथा चुनौतीहरु**

हाल सिमित श्रोत साधनका वाबजुत लमही नगरपालिकालाई व्यवस्थित शहरीकरण गरी नगर स्तरीय पूर्वाधारहरुको निर्माण गर्नु आजको प्रमुख चुनौतीको रुपमा लिएको छु । चक्रपथ निर्माण, बसपार्क, ल्याण्डफिल साईट, खानेपानी, ढल निकास , कार्यालय भवन, पार्क उद्यान, सभा हल, भ्यु टावर, विद्युतिकरण, आधुनिक संचार प्रविधि जस्ता नगर स्तरीय पूर्वाधारहरुको निर्माण तथा बिस्तार गरी शहरलाई ब्यबस्थित, वातावरण मैत्री र सुन्दर बनाउनु सबैको चुनौतीको रुपमा रहेको छ । स्थानीय सरकारको हैसियतले संबृद्धि र विकासका लागि स्थानीय साधन र स्रोतको अभिबृद्धि गर्न करका दर तथा दायरा फराकिलो पारी कर दाता मैत्री सेवा प्रवाह गर्नु पनि चुनौतीको रुपमा रहेको छ । नेपाल सरकारका राष्ट्रिय अभियानहरु बालमैत्री, अपांग मैत्री, वातावरण मैत्री, लैंगिक मैत्री स्थानीय शासन वहाल गर्नु, जनचेतना अभिवृद्धि गर्नु, संस्थागत क्षमता विकास र आयस्रोतको समान वितरण गरी आत्मनिर्भर, सक्षम र सवल स्थानीय तहको बिकास गर्नु आजको मुख्य चुनौतीको रुपमा लिएको छु ।

**आदरणीय नगर सभाका सदस्यज्यू एवं उपस्थित महानुभावहरु,**

यिनै समस्या तथा चुनौतीहरुको सामना गर्दै यस नगरपालिकालाई अग्रगामी दिशामा अभिप्रेरित गर्दै आगामी आ.व.२०७४/७५ का लागि तय गरिएका उद्देश्यहरु, नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन ।

**उद्देश्य :**

१) हरित शहर (Green City ) को अवधारणा अनुसार भौतिक पूर्वाधार निर्माण, बिस्तार तथा विकास र सुधार गर्दै जाने ।
२) नगरपालिकाको आन्तरिक आयमा बृद्धि गर्न करको दायरा फराकिलो र बिस्तार गर्ने । यसको लागि करदाता शिक्षा र करदाता मैत्री वातावरणमा जोड दिने ।
३) वातावरण, सरसफाई र विपद् जोखिम व्यवस्थापनमा सुधार गरी स्वस्थ र सुरक्षित नगरको विकास गर्ने ।
४) स्थानीय भाषा, संस्कृति र सम्पदाहरुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन तथा विकास गर्ने ।
५) अर्थपूर्ण सहभागितामूलक विकास गरी गरिबी न्यूनीकरण गर्न लक्षित वर्ग कार्यक्रम संचालन गर्ने ।
६) नगरपालिकाको मानव संसाधनको क्षमता अभिवृद्धि गरी उच्च मनोबल निर्माण गर्ने ।
७) सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसाथ गर्ने ।
८) नगर स्तरीय पूर्वाधार युक्त सुरक्षित र सुव्यवस्थित सहर निर्माण गर्ने ।

९) स्थानीय स्तरमा तुलनात्मक लाभका वस्तु र सेवाको पहिचान गरी उत्पादन बृद्धि गर्ने ।
१०) स्थानीय सेवा प्रवाहलाई नागरिक मैत्री र प्रभावकारी बनाई सुशासन प्रभावकारी वनाउने ।

**नीति योजना तथा कार्यक्रम तर्जुमाका आधारहरु**

१) नेपालको संविधान

२) नेपालको आवधिक योजनाहरु

३) स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ तथा लमही नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा कार्यविधी २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तण सम्बन्धी निर्देशिका २०७४,

४) स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९

५) वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०

६) फोहोर मैला व्यवस्थापन ऐन २०६८, नियमावली २०७०

७) वाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र वाल मैत्री स्थानीय शासन कार्यविधि २०६८

८) राजनैतिक दल, विषयगत कार्यालय, निजी क्षेत्र, नागरिक समाज आदिबाट प्राप्त सुझाव

९) वडा नागरिक मन्च, बस्ती/वडा भेला, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आएका राय सल्लाह सुझाव र सिफारिस हरु ।

**आदरणीय नगर सभाका सदस्यज्यू एवं उपस्थित महानुभावहरु,**

अब म यस लमही नगरपालिकाले आ.व. २०७४/०७५ मा अंगीकार गर्ने प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(१) पूर्वाधार विकास नीति :**

१.१. लमही नगरपालिकाको कृषि, आवास, उद्योग र वाणिज्य,सडक तथा यातायात, खानेपानी, बिद्युत, सिंचाई, पार्क र धाार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रलाई समेटिने गरी समग्र नगर विकास योजना (Comprehensive Town Development Plan), वस्ती विकास तथा भू-उपयोग योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिईनेछ ।

१.२. नगरको भौतिक पूर्वाधार निर्माण कार्यक्रमहरुमा सुधार तथा बिस्तारलाई निरन्तरता दिनुका साथै अधुरा रहेका तथा क्रमागत आयोजनालाई पूर्णताका लागि प्राथमिकता दिईनेछ ।

१.३. नगरपालिका क्षेत्रमा घर निर्माण गर्दा भुकम्प प्रतिरोधी नीति अवलम्वन गरिनेछ ।

१.४.योजनाबद्ध ढल निर्माण तथा बिस्तार गर्ने ।

१.५ राष्ट्रिय भवन संहिता २०६० लाई अवलम्वन गरिनेछ ।

१.६ व्यवस्थित शहरीकरणका लागि शहरी विकास मन्त्रालय र नगर विकास कोषको सहयोग र समन्वयमा LAND POOLING कार्यक्रमको संभाव्यता अध्ययन गरिनेछ ।

१.७ नगर यातायात गुरुयोजनालाई अद्यावधिक गरि कार्यान्वयनमा ल्यानेछ ।

१.८ पूर्व पश्चिम राजमार्गलाई आधार बनाई यस नगरपालिकाका सबै वडाहरु समेटी चक्रपथ निर्माणको DPR तयार गरी लागु गरिनेछ ।

१.९ नगरपालिका भित्र सञ्चालनमा रहेका र निर्माणाधीन सडकहरु स्तारोन्नतीतर्फ अग्रसरता लिइनेछ ।

१.१० पुर्वाधार विकास लाई दिगो तथा गुणस्तर ,प्रभावकारी वनाउन नगर पुर्वाधार विकास कम्पनीको विकास गरिनेछ ।

**(२) आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति :**

२.१ नगरपालिकाको राजस्व वृद्धिका लागि करका क्षेत्र पहिचान गरी करको दायराहरुलाई दिगो र फराकिलो पार्दै कर असुली व्यवस्थालाई योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२.२ नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२.३ एकिकृत सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको पहिचान गरि क्रमिक रुपमा लागुगर्दै लगिनेछ ।

२.४ आवश्यक अध्ययन गरी आ.व. २०७५/०७६ वाट एकीकृत सम्पत्ती कर प्रणाली लागू गरी करको दायरा फराकिलो बनाइनेछ ।

**(३) कृषि, पशु, वन तथा वातावरण नीति**

३.१. कृषि तथा पशु विकास योजना निर्माण गरी यस नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

३.२ एक वडा एक उत्पादनको अवधारणा अवलम्वन गरि प्रविधि तथा कृषि उपकरणमा अनुदानको विकास गरिनेछ ।

३.३ विभिन्न दातृ निकायहरुको साझेदारीमा एकिकृत पशु र कृषि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३.४ वातावरण, सरसफाई सम्वन्धी कार्यक्रम अवलम्वन गरी विपद् जोखिम न्यूनिकरणमा प्रभावकारी भूमिका खेलिनेछ ।

३.५ यस नगरपालिकालाई वातावरण मैत्री बनाउनको लागि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट तयार पारिएको वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० का प्रावधानहरुलाई कार्यरुपमा ल्याउन थालनी गरिनेछ ।

३.६ जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु दीगो रुपमा संचालन गरिनेछ ।

३.७ लोपोन्मुख जिवजन्तु, वनस्पती, जडीबुटी संरक्षणका लागि पहल गरिनेछ ।

३.८ वातावरणीय प्रभाव न्यूनीकरणको लागि अर्गानिक खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

३.९ वातावरणीय प्रदुषण न्यूनीकरणका लागि प्लाष्टिक जन्य सामाग्रीहरुको प्रयोगमा कमि ल्याउन उचित नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।

३.१०.सहकारीहरुको क्षमता बिकास गरि थप उत्पादनमुलक कृयाकलाप संचालनका लागि थप प्रोत्साहन गरिनेछ ।

**४. शिक्षा, स्वास्थ्य र सरसफाई नीति :**

४.१ नगर शिक्षा समितिको सकृयता र अगुवाइमा नगर शिक्षा योजना तयार र कार्यान्वयन गरी यस नगर क्षेत्रमा संचालित शैक्षिक संस्थाहरुलाई सम्वन्धी निकायसंगको समन्वयमा प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा प्रदान गर्ने नीति लिइनेछ । साथै शिक्षाको गुणस्तर सुधारका लागि नगरपालिका प्रयत्नरत रहनेछ ।

४.२ लमही नगर क्षेत्रमा नमुना वाल विकास केन्द्रहरुको स्थापना गरिनेछ ।

४.३ नगर स्वास्थ्य योजना निर्माण गरी नगरबासीहरुलाई आधुनिक स्वास्थ्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।

४.४ गुणस्तरीय जीवन यापनका लागि परिवार नियोजन , मातृ शिशु कल्याण योजना तथा बर्थिङ्ग सेन्टर स्थापनाका लागि पहल गरिनेछ ।

४.५ पूर्ण खोपयुक्त यस नगरपालिकाका सबै स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती सेवा सुनिश्चित गरिने कार्यक्रम अवलम्वन गरिनेछ ।

४.६ यस लमही नगर क्षेत्रमा सबै वाडाहरुमा नगर स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ ।

४.७ दीर्घकालीन फोहर ब्यवस्थापनको लागि ल्याण्डफिल साईट (Sainitary Landfill site) को निर्माण तथा व्यवस्थापनमा जोड दिईनेछ ।

४.८ यस नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु क्रमश: सञ्चालन गरिदै लगिनेछ ।

४.९ नगरपालिकाले स्वच्छ तथा स्वस्थ खानेपानी वितरणलाई प्रभाबकारी बनाउन प्रभावककारी भुमिका खेल्नेछ ।

**(५) संस्कृति र पर्यटन नीति :**

५.१. विभिन्न सरकारी, नीजि तथा गैरसरकारी निकायसंगको समन्वय र सहकार्यमा लमही क्षेत्रका पर्यटकीय स्थलको प्रवर्द्धन तथा विकास गर्दै थप पर्यटकीय स्थलको संभाव्यता अध्ययन र पहिचानको थालनी गरिनेछ ।

५.२. नगरको प्राकृतिक सुन्दरतालाई कायम राखी हरियाली वृद्धि गरिनेछ ।

५.३. स्थानीय सँस्कृति तथा साँस्कृतिक सम्पदाहरुको पह्चिान, संरक्षण तथा संबर्द्धनमा विषेश जोड दिईने छ ।

५.४ आधुनिक पर्यटन व्यवसायको आधारको रुपमा रहेको होम स्टे को अवधारणालाई प्राथमिकता दिईनेछ ।

५.६ पर्यटन व्यावसायलाई प्रवर्द्धन गर्न स्थानीय तहमा होटेल व्यावसायीहरुको क्षमता विकास र प्रोत्साहन गरिनेछ ।

**(६) सामाजिक समावेशी विकास नीति :**

६.१. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक संघ संस्था तथा स्थल लगायत सांस्कृतिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६.२. लक्षित वर्गको सिप, क्षमता विकास तथा आय आर्जन बढाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

६.३. खेलकुद प्रबर्द्धन तथा विकासका लागि विशेष पहल गरिनेछ ।

६.४. वालमैत्री स्थानीय शासन अर्न्तरगतका सुचकहरु मा कार्यक्रम संचालन गरिनेछ ।

६.५ समाजमा व्याप्त सामाजिक विकृति , विसंगती तथा रुढीवादलाई निरुत्साहित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**(७) सुशासन प्रवर्द्धन एवं संगठन विकास नीति :**

७.१. नगरपालिकाबाट दिइने सेवा सुविधालाई अझ बढि प्रभावकारी बनाउनका लागि सुशासन सम्बन्धी कार्यहरुलाई प्रभावकारी वनाउदै लगिनेछ । साथै नगरपालिकाको काम कारवाहीलाई अझै व्यवस्थित र चुस्त दुरुस्त वनाउन आवश्यक नियम, निर्देशिका, कार्यविधि, वडा प्रोफाइल र आचारसंहिता बनाई सेवाग्राहीमैत्रि सेवा लागु गरिनेछ ।

७.२. नगरपालिकाको सांगठनिक संरचनामा सुधार गरी प्रशासनिक दक्षता अभिवृद्धि गर्नका लागि क्षमता विकास योजना लाइ अध्यावधिक गरि कार्यान्वयन गरिनेछ ।

७.३. नगरपालिकाको निर्णय एवं कार्यलाई पारदर्शी तुल्याउन नगरपालिकाको वेव साईट, स्थानीय पत्र पत्रिका एवं रेडियो तथा अन्य प्रकाशन सामग्रीहरु मार्फत संप्रेषण गर्ने कार्यलाई ब्यवस्थित गरिनेछ साथै डिजिटल नागरिक वडापत्र, योजना तथा कार्ययोजना सूचना पाटीलाई समयानुकुल अद्यावधिक र परिमार्जन गरिनेछ ।

७.४. नगरको सम्पूर्ण वास्तविक वृत्तचित्र झल्कने नगर प्रोफाइल र आवधिक नगर बिकास योजना तयार गरिनेछ ।

**(८) जलस्रोत तथा भूमी सम्बन्धी नीति**

८.१ नगर क्षेत्रमा रहेको ऐलानी पर्ति जग्गा तथा सार्वजनिक सडकमा भईरहेको अतिक्रमण रोक्न लगत तयार गरी सार्वजनिक जग्गा संरक्षणको कार्यक्रम प्राथमिकताका साथ लागु गरिनेछ ।

८.२ बस्ती बिकास संगै बढ्दै गएको जग्गाको खण्डीकरणलाई रोकी उत्पादन मूलक कार्यमा लगाउन प्राथमिकता दिइनेछ ।

८.३ यस नगर क्षेत्रमा रहेका पानीका श्रोतहरुको संरक्षण गर्दै तिनको दीगो र समानुपातिक एवं बहुपक्षीय उपयोगमा जोड दिइनेछ ।

८.४ लमही नगरपालिका भित्र रहेको जलश्रोतलाई अधिकतम उपयोग गरी सिँचाई र खानेपानी परियोजनालाई प्रभावकारी ढंगले अगाडी बढाईनेछ ।

**(९) विविध :**

९.१.सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसात गरीनेछ ।

९.२. बालमैत्री, अपांग मैत्री, वातावरणमैत्री, सूचनामैत्री, नगर सुशासनको अवधारण अवलम्बन गरिनेछ ।

९.३. गैरसरकारी संघसंस्थाहरुका कार्यक्रमहरु एउटै द्वारबाट समन्वयात्मक ढंगले सञ्चालन गरि नतिजामुखि बानाउने नीति तय गरिनेछ ।

९.४. खेलकुद विकासको लागि पूर्वाधार निर्माण तथा खेदकूद कार्यक्रम संचालन गरिनेछ ।

९.५ टोल विकास संस्थाहरुको गठन तथा सशक्तिकरणको लागि आवश्यक पहल गरिनेछ ।

९.६. वाढि पिडितका लागि सुरक्षित आवसका निर्माण लागि नीतगत ब्यवस्था गरि आवश्यक सहयोग गरिनेछ ।

९.८ नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, सामाजिक परिचालक तथा महिला स्वास्थ्य स्वयम सेवीकाहरुको उत्कृष्ट सेवालाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ ।

९.९ व्यक्तिगत घटना दर्ता कार्यलाई बैज्ञानिक एवं प्रभावकारी बनाउन कम्प्यूटर सफ्टवेयर मार्फत घटना दर्ता गर्ने प्रणाली अबलम्बन गरिनेछ र पूर्ण व्यक्तिगत घटना दर्ता अभियान क्रमश: सञ्चालन गरिनेछ ।

९.१० मासिक तथा चौमासिक प्रगति प्रतिवेदन लक्षित वर्ग तथा समुदाय स्तर सम्म सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै WEB Based Reporting प्रणालीको पालना गरिनेछ ।

९.११ नगरपालिका क्षेत्रमा नागरिक स्वास्थ्य एवम् खाद्य सुरक्षा र खाद्य गुणस्तर कायम गर्न बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

९.१२ नगरको मुख्य बजार क्षेत्रमा सडक बत्ति व्यवस्थापन गर्न संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संगको समन्वय र सहकार्यमा निजी क्षेत्र, नगर उद्योग वाणिज्य संघ तथा टोल विकास संस्थाको साझेदारीमा सौर्य सडक बत्ती जडान कार्यको थालनी गरिनेछ ।

९.१३ लघु उद्यमलाई प्राथमिकता दिई प्राकृतिक श्रोत र परम्परागत सिप तथा प्रविधिको प्रयोग हुने पेशा व्यवसायलाई अभिवृद्धि गरिनेछ ।

९.१४. नगरलाई राट्रिय स्तरमा र विश्व सामु परिचित गराउन तथा विकास अनुभवहरु आदानप्रदान गर्न राष्ट्रिय/अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध कायम गरिनेछ ।

९.१५ निश्चित आयोजना अवधि भित्र योजना सम्झौता र कार्यान्वयन नगरे रकम फ्रिज गर्ने, घटाउने वा अन्य विकल्पहरुको व्यवस्था गरी समयमै योजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । माथि उल्लेखित उद्देश्य, नीति तथा कार्यक्रमहरुबाट यस नगरको पूर्वाधार विकास, आर्थिक विकास र सामाजिक सशक्तिकरणमा टेवा पुग्ने विश्वास गरिएको छ ।

९.१६ लैङ्गिक हिंसा न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ ।

९.१७ नगर क्षेत्रका युवाहरुको उद्यमशिलता तथा सिप दक्षताको विकास गरि युवा स्वरोजगारीका लागि प्रोत्साहन गरिनेछ ।

९.१८ लमही नगरमा शान्ति सुरक्षा प्रभावकारी वनाउन आवश्यक स्थानहरुमा प्रहरी चौकी को स्थापना गरिनेछ ।

**आदरणीय नगर सभाका सदस्य ज्यू एवं उपस्थित महानुभावहरु,**

यस नगरपालिकाको स्थापना सँगै न्यून साधन र स्रोतका कारणले गर्दा नगरवासीहरुको आवश्यकता र विकासप्रतिको तिब्र चाहनाहरु लाइ कमिक रुपमा पुरा गर्दै लैजाने नगरको नीति तथा कार्यकम रहेको छ । प्रस्तुत चालु आ.व २०७४। ०७५ का लागि अवलम्वन गरिने नीति तथा कार्यकम यस सम्मानीत नगर सभामा निर्णार्थ पेश गर्दछु ।

**श्री कुल बहादुर के.सी**
**नगर प्रमुख**